संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६६ भदौ २८**

---

## उच्चायुक्तको कार्यालयद्वारा दण्डहीनता अन्त्य गर्ने ठोस कदम चाल्ने प्रधानमन्त्रीको आश्वासनको स्वागत

काठमाडौं, २०६६ भदौ २८,

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेट तथा उपप्रतिनिधि ज्योति साङ्घेराले आज प्रधानमन्त्री माधवकुमार नेपालसँग उहाँकै आवासमा शिष्टाचार भेट गर्नुभयो। वर्तमान सरकारको १०० दिनको कार्यकाल तथा प्रधानमन्त्रीले भाग लिनुहुने न्युयोर्कमा हुने आगामी महासभाको बैठकका सन्दर्भमा मानवअधिकारका कैयौं मुद्दाहरूबारे छलफल भयो।

प्रधानमन्त्रीले सरकारका लागि मानवअधिकारसम्बन्धी आफ्ना प्रतिबद्धताहरू - खासगरी दण्डहीनता अन्त्य गर्ने सम्बन्धमा - कार्यान्वयन गर्नु आवश्यक रहेको उल्लेख गर्नुभयो। यस सम्बन्धमा उहाँले प्राथमिकीकरणको महत्त्वमा जोड दिँदै उच्चायुक्तको कार्यालय तथा अन्य मानवअधिकार निकायहरूलाई विशेषगरी अत्यन्त खराब घटनाहरूप्रति आफ्नो ध्यानाकर्षण गराउन आग्रह गर्नुभयो। लैङ्गिकतामा आधारित हिंसा उन्मूलन गर्ने अभियानसम्बन्धी प्रधानमन्त्रीको घोषणाबारे उल्लेख गर्दै प्रतिनिधि बेनेटले यस पद्धतिका साथै आफ्नो कार्यालयभित्रको कानुन र मानवअधिकार शाखालाई सुदृढ तुल्याउने प्रधानमन्त्रीको आशयको स्वागत गर्नुभयो।

उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख बेनेटले बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्नुपर्ने महत्त्वबारे कुरा उठाउँदै मन्त्रिपरिषद्ले स्वीकृत गरिसकेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई चाँडो अनुमोदन गर्न सिफारिस गर्नुभयो।

प्रमुख बेनेटले महाराजगन्जस्थित शाही नेपाली सेनाको ब्यारेकमा सन् २००३-२००४ मा भएको स्वेच्छाचारी थुना, यातना तथा बेपत्ता पार्ने कार्यसम्बन्धी अनुसन्धान प्रतिवेदन तथा बर्दिया जिल्लामा भएका द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यसम्बन्धी प्रतिवेदन- २००८ लगायतका विभिन्न मानवअधिकारसम्बन्धी प्रतिवेदनहरूमा जोड दिइएका विषयहरूमा अनुवर्ती कार्य गर्नुपर्ने आवश्यकता औंल्याउँदै उच्चायुक्तको कार्यालयले सन् २००९ जुलाईमा प्रधानमन्त्रीलाई पठाएको पत्रबारे उल्लेख गर्नुभयो।

"गम्भीर मानवअधिकार उल्लङ्घनहरूलाई सम्बोधन गर्न र दण्डहीनता अन्त्य गर्न आफूले ठोस कदम चाल्ने प्रधानमन्त्रीको आश्वासनको म स्वागत गर्छु", संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तका प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो। "शान्ति प्रक्रियाका लागि अत्यावश्यक मानवअधिकारसम्बन्धी महत्त्वपूर्ण प्रतिबद्धताहरूमा अगाडि बढ्न व्यवस्थापिका-संसद्मार्फत सबै दलहरूको सहयोगलाई उच्चायुक्तको कार्यालय-नेपाल जोडदार रूपमा प्रोत्साहन गर्दछ।"

For further information contact Chun B. Gurung, Tel: 4280164,
Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org
Website: http://nepal.ohchr.org